# “अध्यात्मिक पुनर्जागरण र काँचुली फेरिएको जीवन":
# (Revival and Reformation)

लेखकः

मार्क फिनले

<u>अनुवादक</u>

भजुराम श्रेष्ठ

सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

गठ्ठाघर (भक्तपुर)

नेपाल

यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:
१२५०१ ओल्ड कोलम्बिया पाईक, स्प्रिङ्गफिल्ड, मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: सोराया होनायुरी, सहयोगी सम्पादकः जर्ज ब्लेसर र एस्थर डोस
प्रकाशक अधिकृत: ली अलेक्जेण्डर ग्रीभ
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्नेः जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, शवाथ स्कुल विभाग**

प्रथम संस्करण : २०७० (२०१३)
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुवादको लागि आधिकारिक अनुमती प्रदान साउथरन एशिया डिभिजन अभ सेभेन्थ-डे एडभेन्टिस्ट
प्रकाशन सहयोगी - अमर पोते
कम्प्यूटर लेआउट तथा आवरण चित्र
सुजीत कुमार साह, प्रुफ शोधकः माया तामाङ्ग

**आवरण पृष्ठः** अनुमानित येशूको काखमा रहेकी बालिका चित्रकार नेथन ग्रीनद्वारा चित्राङ्कन गरिएको सारा गेन बर्टन हुन्। उनी डा, रीचार्ड क्लार्क तथा श्रीमती भर्जिनिया क्लार्कका नातिनी अर्थात् डा, कनि र डा, रोय गेनका छोरी हुन्। क्लार्क परिवार शीर मेमोरियल अस्पतालमा एक ताका कार्यरत थिए।

**(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नुहोला)**

अनुवादकको अनुरोधः पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुटिहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन्

**प्रकाशकः**
पा. उमेश कुमार पोखरेल,
६६३७१८१, "Umesh Pokharel" <umesh.shantipokharel@gmail.com>,
एल्डर भजुराम श्रेष्ठ, ☎ ५५२७८३० **bhajupurna@gmail.com**

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतीले उद्‌ध गरिएका छन्। उक्त संस्थाको अनुमतीले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्‌ध गरिएका छन्।

# भूमिका

## आत्मिक पुनर्जागरण र येशूभक्तको जीवनशैलीमा आचरणीय सुधार

**परमेश्वरका जनहरूका हृदयमा आत्मिक पुनर्जागरण ल्याउन उहाँका आत्माले प्रत्येक पुस्तामा क्रियाशील भएको पाइन्छ।** तर पुनर्जागरण अर्थात् परमेश्वरतिर मन फर्काउने चाहना क्षणिक वा विगतको अनुभव मात्र होइन। यसले दैनिक जीवनमा निरन्तरता पाउनुपर्दछ। पाश्चात्य इसाई उपासनामा गाउने एक पुरानो लोकप्रिय भजन छ। त्यसले भन्छः “बराबर तपाईंबाट तर्किएर गइरहेको अनुभव गर्दछु। मैले अति माया गर्ने परमेश्वरलाई छोड्न मन बरालिएको अनुभव गर्दछु।" (रोबर्ट रबिन्सनबाट लिखित “कम दाऊ फाउन्ट अभ एभरी ब्लेशिङ्ग"बाट रूपान्तरित। नेपालीमा “येशू बरदानको मूल धारा...")। हामीले भित्री हृदयमा खोतलेर हेर्‍यौं भने उपरोक्त चिन्तन सत्य साबित भएको हामी पाउँछौं।

उपरोक्त भजनमा लेखिएका शब्दहरू किन सत्य छन् भन्दा बेला बेलामा हाम्रा हृदयहरू भौतारिन चाहेको हामी पाउँछौं। स्वर्गको सोचमा भन्दा यस पृथ्वीको चासोमा सजिलैसँग अलमलिरहेको हाम्रो अनुभव छ। प्रायजसो हामीहरूको हठी नियत वा प्रवृत्तिको दास भइरहेको हामी पाउँछौं। कतिपय समयमा त हाम्रै मनिस्थिति र क्रियाकलापले हामीलाई नै अन्यौलमा पारेको पाउँछौं।

हामी पतित र पापी भएकै कारणले (यर्मीया १७:९) हाम्रो जीवन त्यस्तो कहाली लाग्दो भएको हो। विभिन्न तरिकाहरूद्वारा परमेश्वरले हाम्रो विवेकमा बोल्नु हुन्छ। तर त्यस विवेकबाट अलमलिन हामी रुचाएको पाउँछौं (यशैया ५३:६)। येशूका कर्मठ प्रेरित पावल जस्तै हामी पनि बेला बेलामा यसरी कराउँछौं, “२४ हाय, म कस्तो दुःखी मानिस!?" अर्थात् “धिक्कार मलाई !" (रोमी ७:२४)। र राजा दाउदसँगै परमेश्वरसँग यो विन्ति गर्दछौं, “हेर्नुहोस्, म कसरी तपाईंका आदेशहरूलाई प्रेम गर्दछु, हे परमप्रभु, तपाईंको करुणाअनुसार मेरो प्राणलाई पुनर्जीवित पार्नुहोस् ।" (भजन ११९:१५९ न्यु किङ्गस जेम्स भर्जन)।

हाम्रो सम्बन्ध करूणामय र सदाशयी परमेश्वरसँग गाढा हुँदै गइरहेको उहाँ चाहनुहुन्छ। उहाँले आफ्नो हात हामीतिर निरन्तर रूपमा बढाइरहनु भएको छ। उहाँको त्यस प्रयासलाई स्वीकार्न सक्नु नै आत्मिक पुनर्जागरण हो। हामीहरूको अध्यात्मिक जीवनशैलीमा सुधार ल्याइरहन परमेश्वरले नै पहिला कदम चाल्नुहुन्छ। हामीहरूको विवेकद्वारा उहाँको आत्माले बोलीरहेको हुन्छ र उहाँको आत्मज्ञानले परिचालित भएर हाम्रो सम्पूर्ण जीवन सुध्रिँदै जाओस् भन्ने उहाँको इच्छा भएकोले नै त्यसतिर हामी

ढल्किने वातावरण उहाँले जोर्नुहुन्छ। हामीहरूको आवश्यकताप्रति सजग हुन उहाँकै आत्माले काम गरिरहेको हुन्छ। येशूको भलोपन, अनुग्रह र सदाशयतालाई उहाँकै आत्माले देखाउनुहुन्छ।

ठूलो जोशसाथ आत्मिक पुनर्जागरण परमेश्वरको आत्माले ल्याउनुभएको मानव इतिहासभरी कोरेको पाइन्छ। परमेश्वरको योजना र उद्देश्यबाट बिचलित भएर जब इस्राएलीहरू बरालिएका थिए तब ती राष्ट्र फेरि परमेश्वरतिरै फर्कन उहाँले युवा राजा योशियालाई प्रयोग गर्नुभयो। अनि सारा इस्राएलमा अत्यन्त जोशिलो आत्मिक पुनर्जागरणको हावा फैलिएको थियो। मन्दिरलाई समर्पण गर्ने क्रममा परमेश्वरले राजा सोलोमनलाई भन्नुभएको थियो, "यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ, र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु, र तिनीहरूका पाप क्षमा गर्नेछु, र तिनीहरूको देशलाई म स्वस्थ पार्नेछु। १५ अब यस ठाउँमा गरिएका प्रार्थना ध्यानसित सुन्न मेरा कान र हेर्न मेरा आँखा खुल्ला रहनेछन्।" (२ इतिहास ७:१४-१५)। अर्को अर्थमा भन्ने हो भने इस्राएलीहरू लटरपटर गरेर होइन सम्पूर्ण हृदयले परमेश्वरको आज्ञालाई पालन गरून् भन्ने उहाँको चाहना थियो। उहाँको पवित्र आत्माको शक्ति उहाँका जनहरूले अनुभव गरून् भन्ने उहाँको प्रवल चाहना थियो। इस्राएलीहरूले परमेश्वरको ज्योति पाएर त्यस ज्योतिद्वारा सारा संसारमा उहाँको कीर्ति र प्रेम फैलिन पाओस् भन्ने उहाँको चाहना थियो।

जब परमेश्वरले आत्मिक पुनर्जागरणको आह्वान गर्नुहुन्थ्यो तब उहाँका भक्तहरूले शिरोपर गरेका थिए। त्यसबेला तिनीहरूको निम्ति परमेश्वरले प्रभावकारी रूपमा काम गर्नु हुन्थ्यो। प्रारम्भिक नयाँ करारको इतिहास, मध्यकालिन अर्थात् ई.सं. १५०० शताव्धीतिरको सुधारबादी युगमा र १८०० सालतिर चलेको येशूको पुनर्आगमनको अभियानमा परमेश्वरको आत्माले मानिसहरूलाई उहाँतिर फर्किन आह्वान गरिएको थियो। ती समयका कतिपय समाजहरूमा नव जागरण फैलिएको थियो। संसारको अन्त्यमा रहने परमेश्वरका भक्तजनहरूमा पनि त्यही नव जागरणको आत्माले जगाउनेछ। त्यस समय परमेश्वरको पवित्र आत्मा पूर्ण रूपमा खनिनेछ। अनि सारा संसार परमेश्वरको कीर्ति महिमाले चम्किनेछ (प्रकाश १८:३)।

आत्मिक पुनर्जागरण र त्यसबाट ल्याउने जीवनशैलीमा मौलिक सुधारको बारेमा मध्यनजर राख्दै यस पुस्तक तयार पारिएको हो। यस पुस्तकले औंल्याएका देहायका विभिन्न समसामयीक विषयवस्तुहरूको

अध्ययन हामी गर्नेछौं, जस्तै, "परमेश्वरको पवित्र आत्मा मानिसहरूमा खनिन तिनीहरूको अवस्था कस्तो हुनुपर्छ भनेर उहाँले अपेक्षा गर्नुहुन्छ?", उहाँका अन्तिम समयका दिन चर्चमा पवित्र आत्मा खनाउन के परमेश्वरले कुनै जादुको समय पर्खिरहनुभएको छ?", "पवित्र आत्माले भरिपूर भएको जीवनको परिभाषा के हो?","अहिले नै त्यस पवित्र आत्मा हामीमा खनिएको अनुभव गर्न के परमेश्वरसँग सहकारी हुँदै हामी केही काम गर्नसक्दछौं?", "अध्यात्मिक पुनर्जागरण र त्यसबाट ल्याइने सुधार कहिले र कुनबेलादेखि सुरू हुन्छ?"

यस प्रसङ्गमा एलेन जी ह्वाइटले पुनर्जागरणको महत्त्वबारे लेख्नुभएको यी शव्दहरू विचारणीय मान्नुपर्दछः "हामीहरूको जीवनमा धेरै आवश्यकताहरू छन्। तर हामीहरूको बीचमा सत्य ईश्वरीय आत्माले ल्याउने आत्मिक पुनर्जागरण ती सबै आवश्यकताहरूभन्दा अति महत्त्वपूर्ण र महान छ। अर्थात् अरू सबै खाँचोहरू भन्दा पुनर्जागरणको खाँचो यस युगको माग हो।" *सेलेक्टेड मेसेज,* पुस्तक १, पृ. १२१बाट रूपान्तरित। पुनर्जागरणको महान् गरिमामयप्रति स्वर्गले चासो लिइरहेकाछन्। प्रार्थना र पुनर्जागरण, परमेश्वरको पवित्र धर्मशास्त्र बाइबल र पुनर्जागरण, गवाही र पुनर्जागरण, हामीहरूलाई सुम्पिएको कामको सम्पन्नता र पुनर्जागरण जस्ता पुनर्जागरणका विभिन्न विभिन्न विषयवस्तुहरूलाई समेटेर यस पुस्तकमा हामी अध्ययन गर्नेछौं। त्यसकारण हाम्रो अध्ययनको सिलसिलामा परमेश्वरले हामीहरूको हृदयमा प्रभावकारी रूपमा बोलियोस् र हामी उहाँसँग अझ घनिष्ट हुन सकौं भनेर प्रार्थना गरौं।

तपाईंको हृदयमा उहाँको पवित्र आत्मा बोलिरहनुभएको छ। अहिले नै उहाँलाई स्वीकार्न त्यस हृदयलाई तपाईंले किन नखोल्ने? तपाईंको जीवनमा केहि विषेश असाधारण काम गर्न उहाँसँग अहिले नै विन्ति किन नगर्ने? तपाईंका प्रार्थनाहरूको जवाफ उहाँले दिनुहुन्छ। र अचम्म तरिकाले परमेश्वरका आशिषहरू तपाईंमा खनिएको तपाईंले अनुभव गर्न सक्नुहुनेछ।

*संयुक्त राज्य अमेरिकाको कनेक्टिकट राज्यमा मार्क फिनले जन्मनुभएको थियो। उहाँ विश्वमा ख्यातीप्राप्त प्रचारक हुनुहुन्छ। सन् २००५देखि २010सम्म उहाँ सेभेन्थ डे एडभेन्टिस्ट चर्चको मूख्य कार्यालय अर्थात् जनरल कन्फरेन्सको उप प्रमुख हुनुभएको थियो। त्यस कामबाट उहाँ अवकास पाएपछि उहाँ त्यस जनरल कन्फरेन्सकै प्रमुखसँग पुनर्जागरण र सुधार योजनामा सहयोग गर्न आँशिक रूपमा काम गरीरहनुभएको छ। पास्टर फिनले र उहाँका धर्मपत्नीका तिन छोराछोरी छन् र दुई नातीनातिनाहरू छन्।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १ | परमेश्वर तर्फ फर्काउने... | १ |
| २ | प्रार्थना | १४ |
| ३ | परमेश्वरको वचन | ३० |
| ४ | आत्मिक पुनर्जागरणको फल | ४७ |
| ५ | आज्ञापालन | ६३ |
| ६ | आफू पापी छु भनेर... | ८० |
| ७ | एकता | ९५ |
| ८ | बुद्धिमानी हुनु | ११२ |
| ९ | सुधारिएको जीवन | १२९ |
| १० | जीवन शैलीमा आमूल सुधार | १४८ |
| ११ | ख्रष्ट येशूलाई ग्रहणा गर्दा... | १६६ |
| १२ | आमूल परिवर्तित | १८१ |
| १३ | परमेश्वरको लक्षय पूरा गर्न | १९९ |

# अस्थाई पाना

सुझावः त्रैमासिक अध्ययन – असौज १२, २०७० (अक्टोबर २८,२०१३)पछि आफ्नो इच्छा अनुसार यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तीथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शबाथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | असार १५-२१,२०७० (जुन २९-जुलाई ५) |
| २ | अध्याय २ | असार २२-२८ (जुलाई ६-१२) |
| ३ | अध्याय ३ | असार २९-श्रावण ४(जुलाई १३-१९) |
| ४ | अध्याय ४ | श्रावण ५-११ (जुलाई २०-२६) |
| ५ | अध्याय ५ | श्रावण १२-१८ (जुलाई २७-अगस्ट २) |
| ६ | अध्याय ६ | श्रावण १९-२५ (अगस्ट ३-९) |
| ७ | अध्याय ७ | श्रावण २६-३२ (अगस्ट १०-१६) |
| ८ | अध्याय ८ | भदौ १-७ (अगस्ट १७-२३) |
| ९ | अध्याय ९ | भदौ ८-१४ (अगस्ट २४-३०) |
| १० | अध्याय १० | भदौ १५-२१ (अगस्ट ३१-सेप्टेम्बर ६) |
| ११ | अध्याय ११ | भदौ २२-२८ (सेप्टेम्बर ७-१३) |
| १२ | अध्याय १२ | भदौ २९-असौज ४ (सेप्टेम्बर १४-अक्टोबर २०) |
| १३ | अध्याय १३ | असौज ५-११ (अक्टोबर २१-२७) |

प्रभुमा जबर हुन बाइबल पढ्न अनिवार्य भएकोले, येशुभक्तले त्यसमा वचनबद्धता जनाउन हरेक दिन पढेको छु भनेर टिक (√) चिन्ह लगाउनु होला।

| अध्याय / बार | | शबाथ | आइतबार | सोमबार | मंगलबार | बुधबार | बिहिबार | शुक्रबार |
|---|---|---|---|---|---|---|---|---|
| १ | असार १५-२१,२०७० (जुन २९-जुलाई ५) | | | | | | | |
| २ | असार २२-२८ (जुलाई ६-१२) | | | | | | | |
| ३ | असार २९-श्रावण ४(जुलाई १३-१९) | | | | | | | |
| ४ | श्रावण ५-११ (जुलाई २०-२६) | | | | | | | |
| ५ | श्रावण १२-१८ (जुलाई २७-अगस्ट | | | | | | | |
| ६ | श्रावण १९-२५ (अगस्ट ३-९) | | | | | | | |
| ७ | श्रावण २६-३२ (अगस्ट १०-१६) | | | | | | | |
| ८ | भदौ १-७ (अगस्ट १७-२३) | | | | | | | |
| ९ | भदौ ८-१४ (अगस्ट २४-३०) | | | | | | | |
| १० | भदौ १५-२१ (अगस्ट ३१-सेप्टेम्बर ६) | | | | | | | |
| ११ | भदौ २२-२८ (सेप्टेम्बर ७-१३) | | | | | | | |
| १२ | भदौ २९-असौज ४ (सेप्टे१४-अक्टोबर २०) | | | | | | | |
| १३ | असौज ५-११ (अक्टोबर २१-२७) | | | | | | | |